# रूपा गाउँपालिका कास्कीको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम

## रूपा गाउँपालिका

**Rupa Rural Municipality**

## गाउँ कार्यपालिकाको कार्यालय

**Office of the Rural Municipal Executive**

## रूपाकोट, कास्की

**Rupakot, Kaski**

## गण्डकी प्रदेश नेपाल

**Gandaki Province Nepal**

२०८३ असार ०९ गते मंगलबार

**आदरणीय गाउँपालिका उपाध्यक्षज्यू,**

प्रमुख प्रशासकीय अधिकृतज्यू, गाउँसभाका सदस्यज्यूहरू, सम्पूर्ण कर्मचारी मित्रहरू, सुरक्षाकर्मी, पत्रकार एवम् उपस्थित महानुभावहरू सबैमा हार्दिक नमस्कार एवम् अभिवादन व्यक्त गर्दछु ।

आजको यो विशेष अवसरमा, रूपाबासीको भरोसाको रूपमा रही रूपाको समृद्धि, विकास र उन्नयनका लागि आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अवसरलाई गर्वका साथ लिइ संघीयता कार्यान्वयनको मेरूदण्डको रूपमा रहेको स्थानीय तहको नेतृत्वमा बहाल रही नागरिकको सेवकको रूपमा प्राप्त जिम्मेवारीलाई चरितार्थ गर्न आगामी आर्थिक वर्ष तथा दिगो विकासको खाका कोर्ने मार्गचित्रसहित यस सभामा सम्बोधन गर्न पाउँदा मलाई खुसी लागेको छ। यो अमुल्य अवसर दिनुहुने सम्पूर्ण रूपावासीलाई हार्दिक आभार व्यक्त गर्दछु ।

सर्वप्रथम, सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना तथा इतिहासको विभिन्न कालखण्डमा देश र जनताको लागि अमूल्य जीवन उत्सर्ग गर्नु हुने प्रातः स्मरणीय महान् सहिदहरूप्रति श्रद्धा सुमन अर्पण गर्दछु। यस क्रममा भएका सबै आन्दोलन तथा सङ्घर्षको नेतृत्व गर्नु हुने योद्धाहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु। साथै, बेपत्ता परिवार, घाइते, अपाङ्ग तथा आन्दोलनमा अमूल्य योगदान गर्ने सम्पूर्ण दिदीबहिनी र दाजुभाइहरूप्रति उच्च सम्मान सहित स्मरण गर्न चाहान्छु।

**रूपाको पहिचानः सबै क्षेत्रमा समृद्धिको अभियान** भन्ने मुल मन्त्रलाई शिरोधार्य तथा समृद्धि र खुसीको आधारहरूलाई गहिराइबाटै उत्खनन् गरी तिनै आधारहरूको अन्तरघुलनतालाई चलायमान राख्दै रूपाली नागरिकको आधारभुत आवश्यकता, गुणस्तरीय जीवन, वातावरणमैत्री र दिगो विकास तथा सास्कृतिक पहिचान लगायतका विषयहरुलाई स्थानीयको मझेरीमा पुर्याइ नजिकको सरकारको आभाष दिलाउन, गौरवान्वित गराउन, राज्यप्रति थप आशा र भरोसा पैदा गर्न, आर्थिक गतिशीलता बढाउन, सुशासन, तथा न्यायिक प्रत्याभुति दिलाउन हामी प्रतिबद्ध छौं।

नेपालको संविधानमा भएको एकल तथा साझा अधिकारहरूको आधारमा समन्वय र सहकार्यलाई प्राथमिकतामा राखी साझा सङ्कल्पका साथ सुशासन प्रवर्धन र रूपाको तीव्र आर्थिक विकास हासिल गर्न सङ्घीय सरकारको सकारात्मक सूचकको अभिवृद्धिमा समेत टेवा पुऱ्याउने कुरामा हामी कटिबद्ध छौं।

कास्कीको पुर्वमा रही पहाडी भौगोलिक अवस्थितिमा बिराजमान रूपाका अनेकन कठिनाइहरुका बाबजुद रूपाका बासिन्दाहरूको जीवनस्तर उकास्न, आधारभूत आवश्यकताहरू पूरा गर्न, र पुर्वाधार क्षेत्रको समग्र विकासमा टेवा पुऱ्याइ समृद्धि र उन्नयनको तिर्खाइलाई रूपातालको जलले सिञ्चित गरी रूपावासीको सक्रिय सहभागिता र समन्वयको आधारमा समता र समानताको सिद्धान्त अनुसरण गरी रूपा गाउँपालिकाको आर्थिक, सामाजिक र पर्यावरणीय विकासका साथै प्रगतिशील र आत्मनिर्भर बनाउन दृढ सङ्कल्प गरिएको छ।

हालसम्म गाउँपालिकाले अवलम्बन गरेका नीति तथा कार्यक्रमका आधारमा रूपाको समृद्धिका लागि सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सफल भएका छौं । "**विकासको आधारः सडकको पुर्वाधार**" भन्ने नारालाई आत्मसात गरी सडक पुर्वाधार विकास गर्न सफल भएका छौ । कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन, सामाजिक विकास लगायतका क्षेत्रहरूमा गरिएका कार्यक्रम मार्फत युवा तथा उद्यमीहरूको सिप विकास गरी स्वरोजगारको वातावरण सिर्जना गर्न सफल भएका छौं ।

सीमित स्रोत र साधनको उच्चतम प्रयोग गरी प्राप्त उपलब्धिलाई जगेर्ना गर्दै रूपावासीलाई विकासको अनुभूति गराउन चुनौती सामना गर्नु परे पनि यसलाई हामीले अवसरको रूपमा लिएका छौं। गाउँपालिकाको सबै क्षेत्रमा सम्भावनाको पहिचान गरी स्थानीय स्रोत र साधनको उपयोगका साथ स्वरोजगारको सिर्जना गरी आत्मनिर्भरताको विकासमा क्षेत्रगत हिसाबले जनताको जीवनस्तर सुधार गर्न सकिन्छ भन्ने अनुभूति भएको छ ।

रूपा गाउँपालिका भौगोलिक रुपमा विविधतायुक्त क्षेत्र हो जसमा जैविक कृषि उत्पादन, पशुजन्य उत्पादन, जडिबुटी, पर्यटन, तथा साना तथा मझौला उद्योगहरूको ठूलो सम्भावना रहेको छ। यी सम्भावनाहरूको उपयोग गर्दै ग्रामीण विकासलाई प्रवर्धन गर्नु, स्थानीय उत्पादकत्व र स्वरोजगारमा वृद्धि गर्नु, तथा गुणस्तरीय सेवा सुविधा प्रदान गर्नु गाउँपालिकाको मुख्य लक्ष्य हो। गाउँपालिकाको जनसंख्यामा विविधता र विभिन्न संस्कृतिहरूको समिश्रण रहेको छ, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय रुपमा सजिएकी रूपालाई एकताको सुत्रमा बाँध्दै समुन्नति तर्फ अग्रसर गराउने नीति तथा कार्यक्रमको मूल उद्देश्य हो।

यस वर्ष गाउँपालिकाले बाँकी रहर्का अधुरा कामहरूलाई प्राथमिकता दिने, भएका कामहरूलाई संस्थागत गर्दै युवा रोजगारलाई विशेष महत्व दिँदै दिगो विकासका लक्ष्यहरूलाई स्थानीयकरण गरी मौरी प्रवर्धन दुध उत्पादन अदुवा वेसार खेती प्रवर्धन लगायत पर्यटकीय क्षेत्रमा विशेष जोड दिँदै पुर्वाधार शिक्षा स्वास्थ्य समावेशीको क्षेत्रमा काम गरी जनताले दिएको जिम्मा पुरा गर्ने प्रण गरेका छौं ।

राष्ट्रिय आवश्यकता तथा जनचाहनाअनुरूप लोकतान्त्रिक मूल्य मान्यतामा आधारित समाजवाद उन्मुख आर्थिक-सामाजिक रूपान्तरणका लागि राजनीतिक स्थायित्व, सुशासन, विकास र सामाजिक न्यायसहित समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षाको आधारहरूलाई पूर्णता दिइ दिगो विकासका लक्ष्यहरूको स्थानीयकरण, संघीय तथा प्रादेशिक सरकारको नीति तथा कार्यक्रम र बजेट, सोह्रौं पञ्चवर्षीय योजना, गण्डकी प्रदेशको दोस्रो पञ्चवर्षीय योजना र रूपा गाउँपालिकाको पञ्चवर्षीय योजना र मध्यमकालिन खर्च संरचनाका आधारमा उल्लिखित विषयहरूका न्युनतम उद्देश्य पूरा गर्न रूपा गाउँपालिकाले आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम प्रस्तुत गरेको छ ।

**गाउँसभा सदस्यज्यूहरूः**

१. **रुपा गाउँपालिकामा कृषि पेसामा आवद्ध व्यक्ति तथा समुहहरूलाई कृषि कर्ममा प्रोत्साहन गरी उत्पादित अर्गानिक कृषि तथा पशुजन्य उपजहरुको बजारीकरण गर्नुका साथै कृषकहरूका समस्या समाधान र विज्ञहरूसँग प्रत्यक्ष अन्तर्क्रियाको व्यवस्था गर्नेगरी रूपा किसान APP सञ्चालन गरिनेछ ।**

२. **रूपा गाउँपालिकामा पशुपालन व्यवसायमा आवद्ध व्यक्ति तथा फर्महरूको पशुपालन व्यवसायमा प्रोत्साहन गरी रूपालाई दुध उत्पादनमा आत्मनिर्भर बनाउने उद्देश्यले संस्थागत डिपोमा बिक्रीवितरण गर्ने किसानहरुलाई उत्पादनका आधारमा प्रति लिटर प्रोत्साहन स्वरूप अनुदान प्रदान गरिने छ ।**

३. **कृषि क्षेत्रमा लगानीको वातावरण बढाउन र रूपाका नव युवा पुस्तालाई व्यावसायी आय आर्जन र उधमशिलता कार्यक्रम तथा यूवा कार्यक्रममा प्रत्यक्ष संलग्न गराइ आयआर्जनमा लाग्न विशेष महत्वका विषयहरूमा जोड दिइने छ । बाँदरको प्रभावलाई न्युनीकरण गर्न बाँझो खेतमा यसपालीः बादरले असर नपार्ने नगदे बाली भन्ने नाराका साथ बाँदरले असर नपार्ने मसलाजन्य नगदेबाली (अदुवा, लसुन, वेसार, टिमुर, हलेदो) लगाउन र युवाहरूलाई आयआर्जका जोड्न खाली जग्गामा मसलाजन्य बाली उत्पादन कार्यक्रमलाई निरन्तरता दिँदै लगभग ४५०० रोपनीमा मसलाजन्य बाली विस्तार गरिनेछ ।**

४. **पशु आहारलाई गुणस्तरीय र पौष्टिक बनाइ उक्त कार्यक्रमलाई प्राथमिकतामा राखी किसानलाई सहुलियत दरमा साइलेज उपलब्ध गराउने उद्देश्यले रूपा गाउँपालिकामा साइलेज कम्पनी स्थापना गरी कृषकलाई सहुलियत दरमा साइलेज उपलब्ध गराइने छ ।सो कार्यका लागि आवश्यक कच्चा पदार्थ उत्पादन गर्न कृषकलाई प्रोत्साहन गरिनेछ ।यसले दुध उत्पादनमा वृद्धि हुनुका साथै साइलेज कच्चा पदार्थ उत्पादन गर्ने कृषकहरुको सामग्री गाउँपालिकाले खरिद गर्दा कृषकहरूको दोहोरो लाभ हुने लक्ष्य लिएका छौं ।**

५. **रूपा गाउँकार्यपालिकाको कार्यालयमा सेवा करारमा कार्यरत कर्मचारी तथा विद्यालय शिक्षक कर्मचारीहरुलाई सामाजिक सुरक्षाका लागि योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्धता गरिनेछ ।साथै अनौपचारीक क्षेत्रका कामदारहरूलाई समेत सामाजिक सुरक्षामा जोड्दै लगिनेछ ।**

६. **स्वास्थ रुपा ; खुशी रूपाबासी "भन्ने नारालाई आत्मसाथ गरी रूपाली जनताको स्वास्थ्यलाई मध्यजनर गरी भविष्यमा हुन सक्ने संघीन स्वास्थ्य समस्यालाई समयमै निराकरण गरी स्वास्थ्य प्रवर्धन गर्न स्क्रिनिङ मेसिनको खरिद गरी विद्यालय तथा ६० वर्ष माथिका जेष्ठ नागरिकहरूका लागि स्थानीयस्तरमा स्वास्थ्य सामग्री सहितको स्वास्थ्यकर्मी भेटघाट कार्यक्रम सञ्चालन गरिनेछ ।**

७. **रूपा गाउँपालिकाको गौरबको योजनाको रूपमा रहेको रामकोट रामदी सडक गाउँपालिकाकै स्रोतमा सुरूवात भइसकेको छ ।उक्त सडक निर्माणलाई निरन्तरता दिइने छ ।**

८. **देउराली फेदी रामदी माउँडाँडा सडक निर्माण कार्य सञ्चालनमा रहेको छ ।शिवचण्डी मोटरबाटो पहिलो खण्ड गाउँपालिकाबाट यसै वर्ष सम्पन्न गर्नेछ ।यसै सडकको दोस्रो खण्डको ५ करोड बराबरकोटेन्डर प्रक्रिया प्रदेश सरकारबाट अगाडी बढाएको छ ।**

९. **रूपा ३ पोल्याङको ठाँटीथर थुम्का र रूपा ४ को राम्चे भुवाने सडक निर्माण कार्य सञ्चालनमा रहेको छ।निवुवास्वारा समेतलाई थप गरी यस वर्ष अधुरो कामलाई पुरा गरिने छ ।**

१०. **रूपा रिङरोडको रामकोट पिप्ले दरगाउँ देउपुरबेसी सडक प्रदेशद्वारा यस वर्ष सम्पन्न हुनेछ । तालबेसी रामकोट सडक यसवर्ष सम्पन्नको अन्तिम चरणमा रहेको छ ।**

११. **स्वास्थ्य सेवा अन्तर्गत दाँतको उपचार महङ्गो हुने हुनाले रूपाली जनतालाई स्वास्थ्यमा सहज पहुँच पुऱ्याउन आवश्यक स्वास्थ्य सामग्री व्यवस्थापन गरी रूपाकोट अस्पतालबाट मासिक दुईपटक विशेषज्ञ सहित दन्त सेवालाई निरन्तरता दिइनेछ ।**

१२. **रूपामा उत्पादन हुने कृषि उपजहरुको बजारीकरण गरी कृषि उपजलाई उचित मुल्य निर्धारण गरी गाउँपालिकाले कृषक र बजारबिच सेतुको भुमिका निर्वाह गर्न कृषि एम्बुलेन्सको खरिद प्रक्रिया अगाडि बढेको छ । आगामी वर्षमा निशुल्क रूपमा कृषि एम्बुलेन्स सञ्चालन गरी बजारीकरणमा प्राथमिकता दिइने छ । यस कार्यले** कृषि, दुध जन्य पदार्थ र फलफुल विक्री बितरणमा बिचैलियाको अन्त्य र उत्पादनको सुरक्षा दिने छ ।

१३. रूपा गाउँपालिकाकामा सञ्चालित विद्यालयहरुमध्ये मेघा मोडेल विद्यालयको रूपमा एकवटा विद्यालयलाई विकास गरी सोही विद्यालयको सकारात्मक प्रभाव तथा गुणस्तरलाई अन्य विद्यायहरुमा प्रयोग तथा अनुसरण गरी शिक्षाको गुणस्तर सुधार गर्न आवश्यक कार्यक्रम अगाडि बढाइने छ ।

१४. **स्वास्थ्य बिमा गर्ने रूपावासीहरुले पहिलो सेवा केन्द्र रूपाकोट अस्पताललाई राखी बिमा गरेमा बिमामा गर्दा लाग्ने दस्तुरको ५० प्रतिशत छुट हुने व्यवस्थालाई निरन्तरता दिइनेछ ।महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुका लागि निशुल्क स्वास्थ्य विमाको कार्यक्रम निरन्तरता गरिने छ ।स्वास्थ्य बिमामा लाग्ने दस्तुरमा पंहेलो कार्ड बाहक अपाङ्गहरूको लागि १०० प्रतिशत र सेतो कार्ड बाहक अपाङ्गहरुको लागि ७५ प्रतिशत छुट प्रदान गरिनेछ ।**

१५. **क्षतिबाट जोगाउन ठुलो हानीः मर्मतमा सानो लगानी** भन्ने नाराका साथ रूपामा विकास हुदै गएका पक्की सडकहरुको गुणस्तरलाई दिगो बनाइ थोरै लगानीमा सडकहरूको संरक्षण र संवर्धन गर्न सामग्री सहितको

पुर्वाधार **Quick Response Team (QRT)** को व्यवस्थापन गरी पक्की सडकको नियमित मर्मत सम्भारलाई निरन्तरता दिइने छ।

१६. रूपा गाउँपालिकालाई पर्यटकीय केन्द्रको रूपमा विकास गरी यहाँको मनोरम दृश्यावलोकनमा पर्यटकलाई लालयित बनाइ उनीहरूको बसाइ अवधि लम्याउन प्राकृतिक बरदानमा कृत्रिम सौन्दर्यताको समागमनका बिविध कार्यक्रम अगाडि बढाइनेछ ।जसको लागि रूपा ६को मेहेरे मा पार्कनिर्माण देखि हात्तीमैतासम्म ग्रेट वालको रूपमा विकास गर्न आवश्यक पहल गरिने छ ।

१७. सास्कृतिक तथा धार्मिक रूपमा अलौकिक पहिचान बोकेको भगवानको प्रसाद स्वरूप प्राकृतिक रूपमा असम्भावित, दैवि शक्ति भएको सयौं वर्ष पुरानो जामुनको रूखको ठुटोबाट प्रत्यक्ष जलदेवीको उत्पति भएको छ।यसरी भगवानरूपी शक्ति उत्पत्ति हुनू रूपाको गौरवको विषय हो । अन्य विषय र क्षेत्रहरूमा समेत बरदान सिद्ध रूपालाई थप धार्मिक उपहार प्राप्त भएको छ ।**रूपाको सम्पत्तिः जलदेवीको उत्पति भन्ने विषयमा सम्पुर्ण धार्मिक रूपमा आस्था राख्ने सनातनीका लागि** अतिनै पवित्र र धार्मिक पिठको रूपमा यसको विकास गरी आन्तरिक र बाह्य धार्मिक पर्यटन भित्र्याउनुका साथै यसको संरक्षण, संवर्धन र विकासमा विशेष जोड दिइनेछ ।

१८. रूपा गाउँपालिका कास्कीमा रहेका बाँझो जग्गाको समूचित व्यवस्थापन र उपयोग गर्नुका साथै रूपाबासीलाई कृषि तथा पशुपालन व्यवसायमा प्रोत्साहन गरी आयआर्जनमा वृद्धि गर्न **भुमी बैंक** सञ्चालनमा ल्याइनेछ। रूपा गाउँपालिकामा रहेका वास्तविक कृषकसँग प्रशस्त भूमि नरहेको र जग्गा कम भएकै कारण कृषि र पशुपालन पेशामा आवद्ध हुन नसकेका रूपावासी तथा रूपा बाहिरका नागरिकहरू समेतका लागि न्युनतम भाडादर कायम गर्नुका साथै सम्झौता लगायतका विषयहरूमा समन्वय गरी ठुलो क्षेत्रफलमा कृषि कर्म गर्ने वातावरण सिर्जना गर्न आवश्यक व्यवस्थापन गरिनेछ ।

**१९. रूपा गाउँपालिकाबाट सञ्चालन हुने पाँच लाख भन्दा बढीका सम्पुर्ण योजनाहरूको गुणस्तर परीक्षणलाई निरन्तरता दिइनेछ।**

**२०. रूपा गाउँपालिकामा बाहुल्य रहेका जनजातीहरुको भाषा संरक्षणका लागि प्रत्येक वडाहरूमा भाषा प्रशिक्षण तथा तालिमका कार्यक्रमहरू अगाडि बढाइने छ ।जनजातीहरुको भाषा तथा सस्कृतिको संरक्षण गरी सङ्ग्राहलयको रूपमा विकास गरिने छ ।**

२१. छोटो समयमा विकास भएका सूचना प्रविधि र सामाजिक सञ्जालहरुले निम्त्याएको नकारात्मक प्रभावलाई न्युनीकरण तथा समाजमा हराएको सामाजिक संवेदनशीलतालाई निरुत्साहन गरी नैतिक शिक्षा र सकारात्मक सोचको विकासमा जोड दिनुपर्ने तत्काल आवश्यकता देखिन्छ। यस्तो अवस्थाले निम्याउन सक्ने नकारात्मक नतिजालाई मध्यनजर गरी तालिमप्राप्त मनोसामाजिक परामर्शकर्ता नियुक्त गरिएको छ।निजलाई सेवा प्रवाहमा खटाइ प्रारम्भिक विद्यालयबाटै सचेतनामूलक र परामर्शात्मक शैक्षिक प्रक्रियालाई उच्च प्राथमिकतामा राखी विद्यालय, टोल तथा समाजमा सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरी आत्महत्या, डिप्रेसन लगायतका नकारात्मक सोच निराकरणका कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२२. लागुऔषध दुर्व्यसनी लगायतका नकारात्मक बानीको सिकार भएका व्यक्तिहरुलाई उपचार तथा आवश्यक परामर्श सेवाका लागि गैर सरकारी संस्थाहरूसँगको समन्वय र सहकारीतामा पुनर्स्थापना केन्द्रमा भर्ना गराउने तथा यस्ता घटनाहरु हुन नदिन परामर्श सहित आवश्यक क्लिनिक सेवा सञ्चालन गरिनेछ। डिप्रेसन तथा नकारात्मक कुलतमा फसेका व्यक्तिहरुको लागि सिपमूलक तालिम तथा मनोरञ्जनात्मक क्रियाकलापहरु

सञ्चालन गरी आयआर्जन सहित गुणस्तरीय जीवन जिउने कलाको विकासमा जोड दिइनेछ।योग ध्यान जस्ता क्रियाकलापलाई उच्च प्राथमिकतामा राखी विद्यालयमा योग र ध्यान सिक्ने, सिकाउने व्यवस्थालाई निरन्तरता दिइने छ ।

२३. अनुभव र व्यवहारमा खारिएका रूपा गाउँपालिकाका जेष्ठ नागरिक सम्मान र संरक्षणको लागि जेष्ठ नागरिकहरुको सम्मान र संरक्षण गर्ने परिवारलाई **"परिवारको हात: जेष्ठ नागरिक संरक्षणका रूपाको साथ"** भन्ने नारा चरितार्थ गर्न विशेष सम्मानको कार्यक्रमलाई निरन्तरता दिइने छ।

२४. नसर्ने रोग तथा कूपोषणबाट सुरक्षित हुनका लागि मधुमेह परीक्षण लगायत अन्य परीक्षण रूपाका सम्पुर्ण स्वास्थ्य चौकीहरूबाट सेवा बिस्तार गरिनेछ ।मधुमेह तथा उच्च रक्तचापबाट पिडित विरामीको लागि निशुल्क औषधीको व्यवस्था गरिनेछ ।

२५. अशुद्ध खानेपानीले निम्त्याउन सक्ने नकारात्मक प्रभावलाई न्युनीकरण गरी शुद्ध खानेपानीको पहुँच पुऱ्याउन रूपाली जनताहरूले प्रयोग गर्दै आएका पानीका स्रोतहरूको पानी परीक्षण गरिनेछ ।

२६. रूपामा रहेका विद्यालयहरूको गुणस्तर वृद्धि गर्न उकृष्ट सार्वजनिक विद्यालयहरूले प्रयोगमा ल्याएको असल अभ्यासको अनुसरण तथा अन्तर्क्रिया गरी कमजोर विद्यालयको गुणस्तर वृद्धि गरिनेछ ।

२७. रूपा गाउँपालिकाका सम्बन्धित विषयमा विज्ञता प्राप्त गरेका तथा अन्य संघ संस्थाहरुसँग समन्वय तथा परिचालन गरी रूपा गाउँपालिकाका अस्पताल वा स्वास्थ्य संस्थाहरूबाट विशेषज्ञ सहितको आँखा, मुटु, मुख, दाँत लगायतका सेवा प्रदान गर्नेगरी मोबाइल स्वास्थ्य शिविर सेवा सञ्चालन गरिनेछ।

२८. रूपा गाउँपालिकामा रहेका खेतियोग्य जमिनको पहिचान तथा माटो परीक्षण गरी वातारण अनुकुल कृषि उपजहरूको उत्पादन र उत्पादकत्व वृद्धि गर्न र रूपाली जनतालाई प्राविधिक कृषि ज्ञान पुग्ने हेतुले **कृषि सम्बन्धी विषयको जानकारी सहित कार्यपात्रो निर्माण गरी कृषिमैत्री कार्यक्रमलाई निरन्तरता दिइनेछ।**

२९. अन्य संघीय, प्रादेशिक तथा स्थानीय तहहरूका असलअभ्यास आदानप्रदानका लागि वार्षिक रूपमा कम्तिमा १ पटक जनप्रतिनिधि तथा कर्मचारीहरूको असलअभ्यास आदानप्रदान कार्यक्रम सञ्चालन गरिनेछ।

३०. रूपा गाउँपालिकाबाट हुने खरिदका योजना तथा कार्यक्रमहरूको खरिद गुरूयोजना बनाइ टेण्डर मार्फत हुने खरिद प्रक्रियालाई निरन्तरता दिइनेछ ।

३१. नेपालकै महत्वपुर्ण तथा रूपा गाउँपालिकाको महत्वाकाङ्क्षी कोइलेनी हाइड्रो योजनाको विद्युत विकास विभाग काठमाडौँबाट सर्वे पुरा भइसकेको छ। तिनै संघीय तथा प्रादेशिक सरकारहरुसँग समन्वय र सहकार्य गरी उक्त योजनाको प्रक्रिया अगाडि बढाइनेछ ।

३२. रूपा गाउँपालिका कास्कीको अनुगमन तथा मुल्याङ्कन निर्देशिका निर्माण गरी तेस्रो पक्षबाट मुल्याङ्कन हुने नीति लिइएको छ ।

३३. स्थानीय स्तरमा प्रचलनमा रहेका भाषाभाषी, भेषभुषा र सांस्कृतिक रहनसहन, कला, लगायत पुरातात्विक महत्त्वका सम्पदाको संरक्षण र संवर्द्धनमा विशेष पहल गरी यसको उन्नयनमा जोड दिई सांस्कृतिक हव तथा पर्यटनको विकासमा टेवा पुऱ्याइने छ।प्रत्येक वडामा भाषा प्रवर्द्धन कार्यक्रम विस्तार गरिनेछ । गाउँपालिका भित्रका सम्पुर्ण जातजातिहरुको भाषा तथा संस्कृतिलाई लिपिबद्ध बनाउने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

३४. महिला, दलित, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका, सहिद परिवार जनआन्दोलका घाइते पिछडिएका, मुस्लिम, जनजाति, कुमाल, बोटे, जलारी लगायत अल्पसङ्ख्यक, तेस्रो लिङ्गी समुदायका लक्षित वर्गहरूको अवस्थालाई मध्यनजर गरी गरिबीको रेखामुनी रहेका रूपावासीको जीवनस्तर सुधार गरी, सर्वाङगीण हितको

प्रवर्द्धन गर्दै वर्गीय र सामाजिक मुक्तिको साथै सार्वभौमसत्ता, नेपालको स्वतन्त्रता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित तथा रूपाका जनताको समग्र विकासमा जोड दिइनेछ ।

३५. विद्युत प्रवाहमा हुन सक्ने अवरोधको समस्या समाधान गर्न विद्युत प्राधिकरणसँग समन्वय गरी वन, बजार र बस्ती क्षेत्रमा कालो तार राखी नियमित तथा सुरक्षित विद्युतीय सेवाको व्यवस्था गरिनेछ ।

३६. रूपाताल परियोजनाको कार्य द्रुत गतिले अगाडी बढिरहेको छ । यसलाई गुणस्तरीय बनाई पर्यटकीय हबको रूपमा विकास गरी रूपा गाउँपालिकामा राजस्व वृद्धिको लागि गाउँपालिकाको तर्फबाट आवश्यक पहल गरिनेछ । रूपा गाउँपालिका भित्र रहेका पर्यटकीय क्षेत्रलाई प्रवर्द्धन गर्दै रोजगारिमा जोड्न निजी सार्वजनिक क्षेत्रलाई संघ प्रदेशसँग समन्वय गरी लगानी मैत्रि वातावरण मिलाईदिने ।

३७. जनआन्दोलनका सहिद, बेपत्ता तथा घाइतेहरूको योगदानलाई सम्मान गर्दे उनीहरूको परिवारको सामाजिक सुरक्षाको प्रत्याभूति हुने गरी कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**आदरणीय गाउँसभा सदस्यज्यूरू,**

रूपा गाउँपालिका कास्कीको आर्थिक वर्ष २०८३/०८४ को क्षेत्रगत नीतिहरूलाई निम्नानुसार प्रस्तुत गरेको छु।

*कृषि*

३८. **"जनताको खेतीः रुपाको सम्पति"** भन्ने नारालाई चरितार्थ गर्न रूपाका युवा जेन्जी पुस्तालाई रूपाको अभियानमा जोड्न व्यवसायीक कृषि पशुपालन र उधमशिलतामा अनुदान, कर, छुट सहजिकरणका कार्यहरु सञ्चालन गरिनेछ।

३९. कृषि र दुध जन्य पदार्थ, फलफुलमा बिचैलियाको अन्त्य र उत्पादनको सुरक्षा गरिने छ ।

४०. **किटनाशन बिषादीको प्रयोग बढ्दै गएको र अर्गानिक उत्पादनमा ह्रास आइ स्थानीयले खाद्यान्न मार्फत दिनहुँ विषको सेवन गर्ने अवस्थालाई मध्यनजर गरी** किटनाशक विषादीको प्रयोगमा निरूत्साहन र अर्गानिक खेती प्रणालीलाई प्रोत्साहन गर्दै जैविक विषादी तथा मल उत्पादन र प्रशोधनका कार्यक्रम अगाडि बढाइनेछ ।

**४१. गाउँपालिकाको मौरी प्रवर्धन कार्यक्रमले रूपाली कैयौं युवाहरुलाई स्व-रोजगार बनाएको छ। उक्त कार्यक्रमलाई निरन्तरता दिदै कार्यक्रमको प्रभाव मुल्याङ्कनलाई विशेष जोड दिइनेछ। सो सम्बन्धी अध्ययन, अनुसन्धान गरी बाह्य तथा आन्तरिक अनुसन्धानकर्तालाई अनुसन्धान गरिने वातावरण सिर्जना गरिनेछ।**

४२. कृषि तथा पशुपालनमा आत्मनिर्भर हुनका लागि बेरोजगार युवाहरुलाई कृषि पेसामा प्रोत्साहन गरी आयआर्जनमा जुटाउन एकिकृत कृषि तथा पशुपालन कार्यक्रम सञ्चालन गरिनेछ । आगामी वर्ष मासु तथा दुध उत्पादनलाई प्राथमिकतामा राखी उत्पादनमा अभिवृद्धि गर्नुका साथै उल्लिखित उपजहरुमा आत्मनिर्भर बनाइ मासु र दुधजन्य पदार्थको प्रशोधीकरण ब्रान्डिङ र बजारीकरणमा जोड दिइनेछ ।

४३. **"घर घरमा गाई भैसी, टोल टोलमा दुध सहकारी"** भन्ने नारालाई आधार बनाई रूपा गाउँपालिकामा दुग्ध उत्पादन वृद्धि, सहकारी संरचनाको सुदृढीकरण, तथा दूध संकलन र प्रशोधनका लागि पूर्वाधार विकास गर्ने नीति तथा कार्यक्रम तयार पारिनेछ।

४४. **"मिहेनती कृषकको हातः गाउँपालिकाको साथ"** भन्ने मुल नाराका साथ कृषि क्षेत्रको लागत घटाउन कुल लागतको आधारमा व्यावसायिक कृषकहरुलाई लागत र उत्पादनमा आधारित अनुदान प्रदान गरिनेछ।

४५. कृषि डाक्टर अभियानका रुपमा पशु र कृषि जन्य पदार्थमा देखिने रोग QRT मार्फत समाधान गरिने छ ।

४६. कृषि प्राविधिक मार्फत घुम्ती बाली उपचार शिविर, आइ.पि.एम कार्यक्रम तथा कृषक पाठशाला र उत्पादनलाई उपभोक्ता, संकलन केन्द्र र बजारसम्म पुऱ्याउन कृषि एम्बुलेन्स सञ्चालन गरिनेछ ।

४७. रूपा गाउँपालिकाभित्र रहेका रैथाने कृषि बाली बस्तुहरुको संरक्षण, सम्बर्द्धन र बिस्तारको लागि रैथाने बाली प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिइने र लोपोन्मुख रैथाने बालीका विउ विजन संरक्षणको लागि गाउँपालिकास्तरीय सामुदायिक विउ बैंकको स्थापनाको कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४८. गाउँपालिकाभित्रका तरकारी तथा फलफूल नर्सरीलाई थप व्यवस्थित गरिनेछ। मौसमी तथा बेमौसमी तरकारीका बेर्नाहरु उत्पादन गरी सहुलियत दरमा उपलब्ध गराइनेछ।

४९. व्यावसायिक कृषक, लघु उद्यमी तथा रूपाका स्थानीय उत्पादनकर्ताहरुको उत्पादनलाई सजिलै बजारमा पहुँच र उपभोक्ताहरुलाई स्वस्थ, ताजा र स्वच्छ उत्पादन पुऱ्याउने उद्देश्यका साथ निश्चित समयको अन्तरालमा प्रत्येक वडालाई प्रतिनिधित्व हुने गरी घुम्ती कृषि उपज हाटबजार सञ्चालन गरिनेछ।

५०. हरेक वर्ष उत्कृष्ट व्यवसाय कृषि उत्पादन गर्ने कृषकलाई (उत्कृष्ट कृषक सम्मान ) बाट सम्मान गरिने कार्यलाई निरन्तरता दिइने छ ।

## पशु सेवा

५१. रूपा गाउँपालिका भौगोलिक अवस्था पशुपालनमैत्री भएकाले यस क्षेत्रका अधिकांश जनताहरु पशुपालनमा आवद्ध छन्। नवयुवाहरू (Gen-z) युवालाई व्यवसायिक आयआर्जनमा जोड्ने हेतुले कम्तिमा २०० जना युवाहरूलाई कृषि तथा पशुपालनमा आवद्ध गराइ, स्वरोजगार अभिवृद्धि गरी दुध तथा पशुजन्य उत्पादनमा आत्मनिर्भर बनाइ बढी उत्पादन भएका बस्तुहरुको संघीय सरकारको नीतिसँग तादम्यता हुनेगरी बिदेशमा निर्यात तथा बजारीकरणको व्यवस्थापनमा समन्वय गरिनेछ ।

५२. गाउँपालिकाभित्र किसानहरूलाई घाँसको अभाव नहोस् र सामुहिक पशुपालनमा टेवा पुगोस् भन्ने हेतुले **"पशुलाई आहारः हरियो घाँस सदावहार"** नारालाई सफल पारी उत्पादन लागत कम गराउनका लागि घाँस खेती कार्यक्रमलाई सञ्चालन गरी **गाउँपालिका स्तरीय घाँसको स्रोत केन्द्र स्थापना** गरिनेछ ।

५३. रूपा गाउँपालिकाका किसानहरूलाई पशु उपचारमा सहजीकरण गर्न टोल टोलमा कृषकहरुसँग जनप्रतिनिधी सहित कृषि पशु प्राबिधिक र पशु चिकित्सक मार्फत **कृषकसँग घुम्ती भेटघाट कार्यक्रम** सञ्चालन गरिनेछ।

५४. पशुपालनलाई व्यवस्थित गर्न भकारो सुधार तथा काउ म्याट कार्यक्रमलाई निरन्तरता दिइनेछ। **"स्वस्थ पशुः समृद्ध किसान"** नारालाई सफल पार्न हरेक वडामा पशु स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

५५. **"बिमामा लागौं हामी : पशु सुरक्षामा लगानी"** नारालाई सफल पार्न कृषि तथा पशुपक्षी बिमाकालागि बिमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ । साथै पशुपन्छी जोखिम न्युनीकरण गरी कृषकलाई राहत प्रदान गर्न **रूपा गाउँपालिका भरिका सम्पुर्ण गाई, भैसी र गोरुहरुमा निशुल्क बिमा कार्यक्रम** सञ्चालन गरिनेछ ।

५६. **"महामारी रोगको प्रकोप नियन्त्रणमा पुर्ण खोप" भन्ने आदर्शलाई कार्यान्वयन गर्न** पशुपन्छीहरुको विभिन्न महामारी रोग नियन्त्रणका लागि संघ तथा प्रदेश सरकारसँग समन्वय गरी पुर्ण खोप कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

५७. दुध, अण्डा, माछा, मासुको उत्पादन उत्पादकत्वमा वृद्धि गर्न कृत्रिम तथा प्राकृतिक गर्भाधानको माध्यमद्वारा रूपा गाउँपालिकाभित्रका गाइ र भैंसीलाई निशुल्क नश्ल सुधार कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५८. गाउँपालिकाभित्र पशुपन्छीपालन सम्बन्धी कार्यक्रम सञ्चालन गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर-सरकारी संघ/संस्थाहरुसँग सहकार्य गरी कृषकहरुको माग बमोजिम साझेदारी कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

५९. कृषक संगै पालिका अभियान रुपामा कृषि तथा पशु जन्य कार्यक्रम संचालन गरिने छ।

६०. **"दुध उत्पादनमा वृद्धि आत्मनिर्भर र समृद्धि"** नारालाई सफल पार्न दुधमा आत्मनिर्भर कार्यक्रम अन्तर्गत दुधालु पशु खरिदमा अनुदान कार्यक्रम सञ्चालन गरिनेछ। पशुहरुको उपचार सहज बनाउनको लागि औषधीको व्यवस्था गरिनेछ ।

६१. पशुबाट मानिसमा र मानिसबाट पशुमा सर्न सक्ने जुनोटिक रोग बारेमा जनचेतना कार्यक्रमलाई निरन्तरता दिइने छ।

**पर्यटन**

६२. **"बजार बाट गाउँ ; रूपा समृद्द बनाउ"** भन्ने नारालाई चरितार्थ गर्न रुपा गाउँपालिकाको पर्यटन पर्यटन प्रवर्धनका लागि सम्भावना बोकेको रोयल ट्र्याक लगायतका विभिन्न पुर्वाधारको विकास तथा स्तरोन्नतीको लागि अन्य स्थानीय तहहरुसँग समन्वय गरी संयुक्त पहल तथा सहभागीतामा पर्यटन प्रवर्धन सम्बन्धी योजना तथा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६३. रूपा क्षेत्रमा विविध पर्यटकिय सम्भाव्यताको खोजी संरक्षण प्रचार- प्रचारमा यहि आगामी आर्थिक वर्षबाट बिशेष अभियान संचालन गरिनेछ र जन्म स्थान रूपा भई अन्यत्र वसोवास गर्ने रुपावासीलाई पर्यटकीय संरचना निर्माण गर्दा, दर्ता नबिकरणमा विशेष छुट र सहुलियतको व्यवस्था मिलाईनेछ ।

६४. रूपा गाउँपालिकाभित्र सञ्चालन गर्न सकिने साहसिक पर्यटनका लागि नयाँ गन्तव्यको खोजी गरी लगानीमैत्री वातावरण सिर्जना गरिनेछ। साहसिक पर्यटनमा लगानी गर्ने व्यक्ति तथा समूहलाई प्रोत्साहनका कार्यक्रम अगाडि सारिनेछ ।

६५. आन्तरिक तथा बाह्य पर्यटनलाई लक्षित गरी विभिन्न वडाहरूमा होमस्टे (घर आवास) कार्यक्रम सञ्चालन भइरहेका छन्। उक्त होमस्टेको गुणस्तर कायम गर्न नियमित अनुगमन तथा निरीक्षण गरी थप होमस्टे सञ्चालन र प्रवर्धनमा जोड दिइनेछ ।

६६. गाउँपालिकाभित्रका विभिन्न भाषा धर्म संस्कृतिलाई पर्यटकीय सञ्जालका रूपमा जोडी सांस्कृतिक सङ्ग्राहलयको सुरुवात गरिनेछ ।

६७. रूपा गाउँपालिका वडा नं ६ को भंगारामा पर्यटन प्रवर्धनको सम्भाव्यतालाई मध्येनजर गरी झरना निर्माणको लागि सम्भाव्यता अध्ययनको कार्य अगाडि बढाइएको छ।

६८. **रूपाको ध्यानः सांस्कृतिक पहिचान**को नारालाई सार्थक बनाउन रूपा गाउँपालिकाभित्र रहेका ऐतिहासिक, सांस्कृतिक सम्पदा, कला साहित्यको संरक्षण गरी पर्यटन प्रवर्द्धनसँग जोडी जनताको आयस्तर बढाइनेछ।

६९. गाउँपालिकालाई पर्यटनको गन्तब्यको रूपमा विकास गर्न यहाँका भौगोलिक, धार्मिक, सांस्कृतिक सम्पदालाई अधिकतम प्रयोग गरी पर्यटनको विकास गर्न सबै डाँडाहरू जोडेर बहुउद्देश्यीय पदमार्ग सहित शान्ति पार्क निर्माणको कार्यलाई निरन्तरता दिइनेछ ।यस वर्ष रूपा-७ को इन्द्र गुफा, रूपा-१ को कोटकालिका र रूपा-३ मा सहिदपार्कको सम्झौता भइ बिउटिफिकेसनका कार्यक्रम अगाडि बढेका छन्। अन्य पर्यटन क्षेत्रको पहिचान गरी पर्यटन प्रवर्धनमा जोड दिइनेछ ।

७०. पौराणिक मठ, मन्दिर, मस्जिद, गुम्बाको संरक्षण गर्दै बर पिपलको संरक्षणका लागि एक वडा एक चौतारी निर्माण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**स्वास्थ्य**

७१. निरोगी रूपा तथा गाउँघर डाक्टर कार्यक्रम अन्तरगत प्रत्यक महिनाको १ दिन एउटा स्वास्थ संस्थावाट विशेष्ज्ञ सहितको सेवा वडा स्वास्थ चैकी वाट उपलब्ध हुने व्यवस्था मिलाईने छ ।

७२. **महिलाहरुको पाठेघरको मुखको क्यानसरको निःशुल्क परीक्षणको लागि स्वास्थ्य संस्थाहरुबाट निःशुल्क परीक्षणको व्यवस्था गरिनेछ । साथै सेवा सञ्चालन हुन नसकेका स्वास्थ्य संस्थाहरुमा निःशुल्क विशेषज्ञ सहितको स्वास्थ्य शिविर मार्फत परीक्षण सेवा सुनिश्चित गरिनेछ ।**

७३. रूपा गाउँपालिकाभित्र क्षयरोगका बिरामीहरुको पहिचान गरी गाउँपालिकालाई क्षयरोगमुक्त बनाउने र क्षयरोग सङ्क्रमित बिरामीको उपचार कार्यक्रम निरन्तरता गरिनेछ।

७४. सबै स्वास्थ्य संस्थाहरुलाई सूचनामैत्री बनाइ स्वास्थ्य संस्थाहरुबाट दिईने सेवालाई पेपरलेस गराउन प्रदेश र संघसँगको समन्वय र साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ।

७५. स्वास्थ्य संस्थामा सुरक्षित प्रसुति सेवा लिन आउने आमाहरु (Birthing Center) हरुमा सुत्केरी हुन नसकी पोखराका स्वास्थ्य संस्थामा प्रेषण हुँदा निःशुल्क एकतर्फी एम्बुलेन्स सेवा उपलब्ध गराइने कार्यलाई निरन्तरता दिइनेछ ।

७६. समुदायमा (विशेष गरी बालबालिका) पोषणको अवस्था पहिचान गरी कुपोषित वच्चाहरुको सुधारका लागि विशेष कार्यक्रम सञ्चालन गरि पोषणको सुनिश्चितता गरिनेछ ।

७७. प्रत्येक विद्यालयमा अध्ययनरत बिद्यार्थी तथा स्थानीयबासीलाई स्वास्थ्य सम्बन्धी ज्ञान अभिवृद्धि, स्वस्थ खानपान र ब्यायाममा प्रोत्साहन गर्न **विद्यालय तथा समुदाय स्वास्थ्य शिक्षा कार्यक्रम** सञ्चालन गरी स्वास्थ्य सम्बन्धी सचेतना वढाइनेछ ।

७८. गाउँघर क्लिनिक र खोप क्लिनिकलाई थप व्यवस्थित गरिनेछ ।

**शिक्षा**

७९. रूपामा शिक्षाको गुणस्तर वृद्धि गर्न गणित र अग्रजी लगायतका प्रमुख विषयहरूमा शिक्षकलाई विशेष तालिमको व्यवस्था मिलाई विधालयहरुको नतिजामा सुधार ल्याईने छ ।

८०. **गरेर खाँए, पढेर आएँ** भन्ने नारालाई चरितार्थ पार्न समयको मागसँगै व्यावहारिक शिक्षामा जोड दिनुपर्ने अवस्थामा बालबालिकालाई उत्पादनसँग जोडी आर्थिक अभावमा शिक्षाबाट वञ्चित हुन नपरोस् भन्ने उद्दश्यले प्रयोगात्मक तथा सिपममूलक सिकाइका साथ जीवनउपयोगी शिक्षाको लागि सुरु गरिएको **पढ्दै कमाउँदै कार्यक्रमलाई** निरन्तरता दिइनेछ।

८१. **विद्यार्थीहरूलाई योग ध्यान लगायत व्यायामको महत्व बुझाउन तथा नैतिक शिक्षामा समेत प्रोत्साहन गर्न सम्पुर्ण विद्यालयहरूमा प्रत्येक दिन विहान कम्तिमा १० किसिमका शारिरीक योग व्यायाम अभ्यास गर्ने वातावरण सिर्जना गरिनेछ ।**

८२. विद्यालयमा हुने नियमित शैक्षिक कार्यक्रम लगायत सिकाइको अवस्था मुल्याङ्कन गरी सुधारात्मक पक्षमा अगाडी बढाउन प्रत्येक विद्यालयहरुमा अनुगमन सुपरीवेक्षण तथा **मुल्याङ्कन संयन्त्रको व्यवस्था गरी नियमित अनुगमन तथा निरीक्षण सहित पृष्ठपोषण**लाई निरन्तरता दिइनेछ ।सयन्त्रद्वारा पेस भएका सुझावहरुलाई कार्यान्वयनमा लगिनेछ ।

८३. रूपा गाउँपालिकाका कतिपय विद्यालयहरुमा बिद्यार्थीको सङ्ख्या न्यून भइ पठनपाठनमा असहज भएकाले **समायोजन तथा एकीकृत कार्यक्रम** सञ्चालन तथा विद्यालयहरु एकीकरण गरी शैक्षिक सुधारका निम्ति पाइलट प्रोजेक्टको रुपमा आगामी वर्ष प्रक्रिया अगाडि बढाइनेछ।

८४. बिपन्न गरिब र जेहेन्दार विद्यार्थीको पठनपाठनमा सहज वातावरणको सिर्जना गर्न गाउँपालिकाले **गरिब तथा जेहेन्दार बिद्यार्थी कोष** सञ्चालनमा ल्याउनेछ ।

८५. रूपा गाउँपालिकभित्रका जेहेन्दार तथा मेधावी बिद्यार्थी तथा विद्यालयहरुको लागि पुरस्कार तथा प्रोत्साहन कार्यक्रमहरु सञ्चालन गरिनेछ।

८६. **दिवा खाजा कार्यक्रमलाई स्थानीय उत्पादनसँग जोडी स्वस्थकर ताजा खाजा व्यवस्थापन गर्न स्थानीय कृषि उपजको प्रयोगलाई प्राथमिकता दिइनेछ ।विद्यालयका भान्छाघर स्वस्थकर बनाउन आवश्यक सामग्रीको व्यवस्थापन गरिनेछ।**

८७. अभिभावक, शिक्षक र विद्यार्थीबिच समन्वय गरी विद्यालयमा चासो बढाउनको लागि अभिभावकहरूसँग अन्तर्क्रिया कार्यक्रमहरू निरन्तरता दिइनेछ ।

८८. सामुदायिक विद्यालयहरूमा इन्टरनेटको पहुँच बिस्तार भइसकेको छ। साथै सबै विद्यालयहरूमा ICT ल्यावको व्यवस्थापन गरी प्रविधिमैत्री शैक्षिक व्यवस्थापन गरिनेछ ।

८९. सामुदायिक विद्यालयका **प्रध्यानाध्यापकहरूसँग गरिएको कार्यसम्पादन करार सम्झौता र सोबाट** प्राप्त नतिजाको आधारमा पुरस्कार तथा प्रोत्साहनको व्यवस्था गरिनेछ।साथै शिक्षकहरुसँग समेत कार्यसम्पादन सम्झौता गर्ने व्यबस्था गरी प्रोत्साहनका कार्यक्रमहरु निरन्तरता दिइनेछ ।

९०. प्रसुती बिदामा रहने महिला शिक्षकको सट्टा शिक्षक व्यवस्थापनलाई निरन्तरता दिइनेछ ।

९१. सिकाई उपलब्धि वृद्धिका लागि विषयगत सिकाई समूहलाई परिचालन गरी परीक्षा तथा मूल्याङ्कन प्राणालीलाई व्यवस्थित गरी शैक्षिक गुणस्तर वृद्धि गरिनेछ ।

९२. गाउँपालिकाको शिक्षा क्षेत्रको समग्र विकास र उन्नयनका लागि **गाउँशिक्षा योजना अनुसार** कार्यक्रम सञ्चालनमा जोड दिइनेछ ।

९३. रूपा ६ मियाँगाउँमा रहेका मुस्लिम बस्तीलाई मध्यनजर गरी मदरसा भाषा पढाइका लागि गाउँपालिकाको तर्फबाट विशेष सहयोग गरिनेछ ।

९४. अभिभावक,शिक्षक र विद्यार्थीबिच समन्वय गरी विद्यालयप्रति अपनत्व बढाउनको लागि **अभिभावकसँग शिक्षक कार्यक्रम**लाई निरन्तरता गरिनेछ ।

## पूर्वाधार विकास

९५. **रूपा गाउँपालिकाबाट सञ्चालन हुने पाँच लाखभन्दा बढीका सम्पुर्ण योजनाहरूको गुणस्तर परीक्षण गरिनुका साथै सडकमा हुन सक्ने खाल्डाखुल्डीलाई तत्कालै पुरी ठुलो क्षति हुनबाट जोगाउन र सडकको गुणस्तरलाई कायमै राख्न तत्कालै सडक मर्मत कार्यक्रम अन्तर्गत Rapid Response Team (RRT) को व्यवस्थापन गरी पक्की सडकको नियमित मर्मत सम्भार गरिनेछ।**

९६. प्रशासनिक सेवालाई प्रभावकारी बनाउन सबै वडा कार्यालय व्यवस्थित गर्नुका साथै **गाउँपालिकाको सुविधा सम्पन्न प्रशासकीय भवन निर्माण सम्पन्न भएकोले सो प्रशासकीय भवनबाट प्रभावकारी रुपमा सेवा प्रवाह गरिनेछ ।**

९७. **फेदी रामदी फैचोक र स्याक्लुङ्कोट रामकोट काउनेपोखरी रामदी सडक निर्माणको क्रममा रहेको छ ।**

९८. स्याक्लुङकोट रामकोट काउनेपोखरी रामदी सडक रूपा ५ र ७, रूपा ४ र ३ मा गैरा पोखरी खाल्टे टाकन्जा सडक र लिडेचौर चौताराबाट हेल्थपोष्ट जाने सडक स्तरोन्नती कार्य, खाल्टेखोला बुधे रह, रूपा रिङ्गरोड मध्येको पुल रूपा गा पा ३ कास्की, फालभञ्ज्याङ भोर्ले आँपुखोला सडक रूपा गा पा कास्की, काउरे स्कुलबाट दोभानखोला सडक/ हाँसपोखरी कालढुंगा सडक/रामकोट काउले स्याक्लुङ सडक र कोईलेनी मादबेशी सडक स्तरोन्नती रूपा गा पा ७, पुलचोक फल्याङ्कोट थुम्की सडक र दम्से कुनाकोमुख

सडक स्तरोन्नती रूपा १ कास्की, क्रमागत योजना सम्पन्न गर्न- रामदी माउँडाँडा खाल्टे रूपा ४ र ५ सडक कास्की, पुलचोक फल्याङकोट थुम्की सडक स्तरोन्नती रूपा १ र २ कास्की, शिवचण्ड मोटर बाटो रूपा २ र १ क्रमागत , डाँडाको मुख- रामदी- आरुखर्क सडक निर्माण रूपा गा पा कास्की लगायतका सडकहरूमा संघीय सरकारबाट बजेटको स्रोत सुनिश्चितता भएका छन् । उक्त योजनाहरूको समयमै सम्झौता गरी सम्पन्न गरिनेछ । समावेश नभएका योजना तथा कार्यक्रमहरु संघ तथा प्रदेशसँग समन्वय गरी स्तरोन्नती तथा पिचको काम अगाडि बढाइनेछ ।

९९. सातमुहाने रूपाकोट थुम्की सडक, देउराली फेदी रामदी फैचोक आरूखर्क ३, ४ र ५ लगायतका अन्य सडकहरूको प्रदेश सरकारबाट बजेट विनियोजन भएका छन् । उक्त योजनाहरूको समयमै सम्झौता गरी कार्यप्रक्रिया अगाडि बढाइने छ ।

१००. अनुगमन प्रणालीलाई थप व्यवस्थित बनाउन रूपा गाउँपालिकामा सञ्चालन हुने १ लाख ५० हजार सम्म बजेट विनियोजन भएका पूर्वाधार आयोजनाहरुको वडास्तरीय अनुगमन समितिको सिफारिसको आधारमा भुक्तानी बढाउने गरी अधिकार प्रत्यायोजन गर्दै भुक्तानी प्रकिया थप सरल बनाइएको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१०१. संघ र प्रदेश सरकारद्वारा सञ्चालित गाउँपालिका क्षेत्रभित्रका आयोजनाहरुको कार्यान्वयनमा समन्वय र सहकार्य गरिनेछ । कार्यान्वयन गर्ने निकायले कार्यान्वयन हुनुपुर्व लागत अनुमान र सम्पन्न पश्चात कार्यसम्पन्न प्रतिवेदन बुझाइ कार्य गर्ने वातावरण मिलाईनेछ ।

१०२. रूपा गाउँपालिकाको वडा नम्बर १, ३, ७ जोड्ने रामकोट हाँसपोखरी हुदै पिप्ले सडक रु ९८ करोडमा टेन्डर भइ कार्य सञ्चालनमा रहेको जानकारी गराउँदछु।

१०३. गाउँपालिकाभित्र लगभग १३९ किलोमिटर बाटो पिच भइसकेको छ । यस वर्ष विभिन्न सडकहरुको स्तरोन्नती तथा पिच भइ रहेका छन् ।

१०४. नयाँ बाटोको ट्र्याक नखोल्ने नीतिलाई निरन्तरता दिइनेछ । कालोपत्रे सडक मर्मत संभारका लागि गाउँपालिका (RMG Maintenance Group) बाट रूपा गाउँपालिकामा रहेका सडकहरुको नियमित मर्मत संभार गरिनेछ ।

१०५. रूपा गाउँपालिकामा योजना बैंकको निर्माण गरी प्राथमिकताका आधारमा पहिलो दोस्रो र तेस्रो चरणका योजना तथा कार्यक्रममा विभाजन गरी योजना तथा कार्यक्रमहरुलाई प्राथमिकतामा राखी पौष, चैत र जेठ मसान्तको समयावधिमा सम्पन्न गर्नेगरी लागु गरिएको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१०६. रूपा गाउँपालिकाको विभिन्न सडकमा हुने दुर्घटनालाई कम गरी जनधनको क्षति न्यूनीकरणका लागि सडकको घुम्ती र भिरालो ठाउँमा सचेत चिन्ह, ऐना तथा मेटल रेलिङको निर्माणको कार्यलाई निरन्तरता दिइनेछ ।

१०७. सडक तर्फ मुख्य सडक, वडा कार्यालय जोड्ने वा निजी आवास जोड्ने बाटोलाई क्रमशः प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ .

१०८. वस्ति विकास सहरी योजना अन्तर्गत टाकान्जा, पोल्याङ्गटार, खोलाकोछेउ, पिप्ले, रैकरवेशी जस्ता वस्तिहरूलाई कृषिसँग जोडी नयाँ शहरी क्षेत्र मोडल विकास गर्नको लागि सम्भाव्यता अध्ययन गरिनेछ।

१०९. बिद्युत प्राधिकरणसँग समन्वय गरी विद्युतका लागि काठको पोल विस्थापन गरी नाङ्गो तारलाई विस्थापित गर्दै कालो तारको व्यवस्थापन गरिनेछ ।

११०. रूपा गाँउपालिकाका रणनीतिक महत्वका मुख्य सडकहरू शिशुवा पोल्याङटार सडक खण्ड, रूपाकोट थुम्की सडक खण्ड, वेगनास भोर्लेटार सडक खण्ड, फालभञ्ज्याङ्ग चिसापानी मो.बा., पिच गर्ने कार्य सम्पन्न भै सकेको छ, भने पक्की बाटोलाई संरक्षण र मर्मत सम्भार गर्नको लागि एक छुट्टै पक्की बाटो संरक्षण कोष तथा आवश्यक सामग्रीहरु खडा गरी **नियमित रूपमा मर्मत संभार गर्ने कार्यलाई निरन्तरता** दिइनेछ ।

१११. गाउँपालिका स्तरीय प्याराफिट सहितको स्टेडियम निर्माण कार्य अगाडी बढिरहेको छ। गाउँपालिका भित्रका सबै वडामा खेल मैदान बनाउने कार्यक्रमलाई निरन्तरता दिइनेछ। साथै विकास निर्माणको कामको गुणस्तर कायम गर्नको लागि अधिकतम पहल गर्ने नीति लिइने छ।

**श्रम तथा युवा रोजगार**

११२. श्रम र रोजगारीको समग्र पक्षमा कार्य गर्नेगरि रूपा गाउँपालिकाको रोजगार सेवा केन्द्रलाई आन्तरिकीकरण गरी आवश्यक कर्मचारी व्यवस्थापन सहित थप प्रभावकारी बनाइनेछ। साथै प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका परियोजनाहरूलाई केवल मर्मतसम्भारभन्दा माथि उठेर कृषि पूर्वाधार (सिँचाइ, चिस्यान केन्द्र), पर्या-पर्यटन सुविधा (पदमार्ग, दृश्यावलोकन स्थल), र सडक सोलिङ, ढलान, फोहोरमैला व्यवस्थापन जस्ता दिगो सामुदायिक सम्पत्ति निर्माण गर्ने र स्थानीय उत्पादकत्व बढाउने कार्यहरूमा केन्द्रित गरिनेछ। परियोजना पहिचान र छनोटमा समुदायको सक्रिय सहभागिता सुनिश्चित गरिनेछ।

११३. नव यूवा (Gen-z) र यूवा जनशक्तिलाई व्यवसायिक रोजगारी र उद्यमशिलतामा सहजिकरण गरिनेछ।

११४. आगामी आर्थिक वर्षलाई व्यवसाय दर्ता अभियानका रुपमा संचालन गरिनेछ र घरबाटै दर्ता र नविकरण गर्ने गरी व्यावसायीक App को विकास गरिनेछ ।

११५. **काम गरी कमाउ; स्वदेशमै रमाउ** भन्ने नाराकासाथ वैदेशिक रोजगारीबाट फर्केका कामदार तथा तिनका परिवारहरूलाई उद्यम स्थापना गर्न सहूलियत ऋण एवम् सीपमूलक तालिम लगायतका सहयोग प्रदान गरिनेछ, उनीहरूको सीपअनुसार रोजगारी वा स्वरोजगारमा जोडिनेछ, र सुरक्षित वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह तथा मनोसामाजिक परामर्श सेवाहरू उपलब्ध गराइनेछ ।

११६. **"कामको सम्मानः स्वरोजगार अभियान"** नारालाई सफल पार्न पूँजी को अभावमा व्यवसाय गर्न चाहने तथा वैदेशिक रोजगारबाट फर्केका युवाहरुलाई मागमा आधारित अनुदान उपलब्ध गराई स्वरोजगार प्रोत्साहन गरिनेछ। पूँजीको अभावमा व्यवसाय गर्न चाहने युवालाई युवा तथा स्वरोजगार कोष मार्फत् सस्तो व्याजदरमा ऋण उपलब्ध गराउने व्यवस्था मिलाईनेछ।

११७. वैदेशिक रोजगारमा जाने युवाहरुका लागि श्रम स्वीकृती तथा पुन : श्रम स्वीकृती , वैदेशिक रोजगारीबाट सिप, पूजी र अनुभव सहित फर्केका युवाहरुलाई स्वरोजगारमा जोड्नका निमित्त पुर्नःएकिकरणका कार्यक्रमहरु, वैदेशिक रोजगार कल्याणकारी कोष मार्फत प्रदान हुने सेवा सुविधा, कन्सुलर सेवा, मनोपरामर्श सेवा लाइ रोजगार, सीप तथा उद्यमशीलता केन्द्र मार्फत एकिकृत रुपमा सहजिकरण तथा सञ्चालन गरिनेछ ।

११८. एकिकृत श्रम सूचना प्रणाली मार्फत गाउँपालिका भित्रका बेरोजगार, अर्ध-दक्ष र दक्ष जनशक्तिको विवरण समेटिएको डिजिटल "रुपा श्रम बैंक" स्थापना गरी रोजगारदाता र श्रमिकबीचको खाडल कम गरिनेछ। सिपयुक्त जनशक्तिको नक्साङकन, तथ्याङ्क संकलन, सिप परिक्षण, स्तरोन्ती लगायतका क्रियाकलाप, रोजगार विनिमय, जब म्याचिङ लगायतका कार्य गरिनेछ ।

११९. शिक्षित वेरोजगार तथा सिपयुक्त वेरोजगार युवावर्ग लाइ युवा स्वरोजगार कार्यक्रम, गरिवी निवारणका लागि लघु उद्यम कार्यक्रम तथा महिला उद्यमी कार्यक्रम मार्फत सिप र उत्पादनशिल रोजगारिमा जोड दिइलक्षित

वर्गको जिवनस्तरमा सकारात्मक परिवर्तनका लागि लघु तथा घरेलु उद्योग, कृषि फर्म उद्योग लगायत व्यवसायजन्य जनशक्ती निर्माण का लागी आवश्यक नीति तथा बजेट व्यवस्थापन गरि कार्य सञ्चालन गरिनेछ।

**वन**

१२०. रुपा गा.पा भित्रका वन पैदावार, जडिबुटीको संरक्षण, प्रसोधनको लागी विशेष अभियान संचालन गरिनेछ ।

१२१. **वनजन्य पैदावारः समृद्धिको आधार** भन्ने मुल नारालाई चरितार्थ गर्न सामुदायिक वन, निजी क्षेत्र, स्थानीय तह, प्रदेश र संघीय सरकारहरुसँग समन्वय गरी वन उद्यमशिलताको सम्भावित अध्ययन गरी उद्योग स्थापानाको पहल गरिनेछ, युवाहरुलाई स्वरोजगार बनाउन कार्यक्रम सञ्चालन गरिनेछ। सामुदायिक वनमा वातावरण अनुकुल जडिबुटी रोपण गरी संरक्षण, सङ्कलन तथा प्रशोधनको कार्यलाई जोड दिइनेछ।

१२२. "**सामुदायिक वनः जनताको आर्थिक समृद्धिमा योगदान**" भन्ने मुल नाराका साथ वन जङ्गलमा रहेका काठ, दाउरा, जडीबुटी लगायतका वस्तुहरुको अधिकतम प्रयोग तथा वनको दिगो व्यवस्थापन **गरी जनताको आयस्तर बढाउनको लागि वन सम्बन्धी प्रशोधन उद्योगको स्थापना गरी युवाहरूलाई रोजगारीमा** जोडिने छ। सामुदायिक वनमा डढेलो जन्य घटनालाई निरुत्साहन गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरी डढेलो नलागेका सामुदायिक वनलाई सम्मानलाइ निरन्तरता दिइने नीति लिइएको छ ।

**खानेपानी**

१२३. खानेपानीको स्वच्छताले मानिसको गुणस्तरीय जीवनमा प्रभाव पार्ने हुदाँ रूपावासीहरुले पिउदै आएको **खानेपानीको गुणस्तर परीक्षण** गरी शुद्ध खानेपानी व्यवस्थापनको लागि **मुलदेखि मुखसम्म** कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१२४. प्रत्येक वडामा कम्तिमा १ वटा रिचार्ज पोखरी निर्माण गरी पानीको स्रोत संरक्षण गरिनेछ। खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, मर्मतसम्भार कार्यको लागि खानेपानी योजनाहरुको संरक्षण सरसफाई तथा गुणस्तरीय परिक्षणको लागि क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१२५. गाउँपालिकाभित्र ९७ प्रतिशत घरमा एक घर एक धारा कार्यक्रम सम्पन्न भएको छ। बाँकी स्थानमा योजनाको सञ्चालन भैरहेको छ । गाउँपालिकामा स्वच्छ र सफा पानी व्यवस्थापनका लागि खानेपानी, मूल, पधँरो, कुवा, इनार, लगायत स्रोत संरक्षण गरिनेछ ।

१२६. गाउँपालिकाभित्र रहेका लिफ्टिङ खानेपानीको मर्मत संभारको लागि लिफ्टिङ खानेपानी मर्मत कोष स्थापना तथा संचालन कार्यलाई निरन्तर गरिनेछ ।

**सामाजिक विकास**

१२७. **"रूपाको प्रतिभा, पहिचान र खोजी"**

१२८. यस गाउपालिका भित्र रहेका बालबालिकामा रहेको अन्तरनिहित क्षमता र प्रतिभालाई खोजी गर्ने उदेश्यले विभिन्न उमेर समुहमा वालबालिकाको लागी प्रतिभा खोजी र पहिचान गर्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ।

१२९. गाउँपालिकाभित्र रहेका जनताहरूलाई न्यायको प्रत्याभूति गराउनको निमित्त गाउँपालिकाको तर्फबाट गरिबीको रेखामुनि रहेका जनतालाई कृषि तथा पशुपालन लगायतका क्षेत्रमा विशेष आय आर्जनमूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ । **छोरी काखमाः बचत खातामा** नाराका साथ छोरीहरूलाई वित्तीय सचेतना दिनुका साथै सानै उमेरदेखि बचत तथा लगानीको बानी विकास गराउन रूपाकी छोरी कार्यक्रम मार्फत नयाँ जन्म हुने

छोरीहरूलाई खाता खोल्न प्रोत्साहन गरी न्यूनतम रकम निजको खातामा जम्मा हुने वातावरण सिर्जनाको लागि कार्यक्रमलाई निरन्तरता दिइ आगामी आर्थिक वर्षमा उक्त रकमलाई वृद्धि गरिनेछ ।

१३०. बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणाका लागि आधार वर्षका रुपमा लिई आगामी आर्थिक वर्षमा स्थानीय बाल अधिकार समिति, वडा स्तरीय बाल अधिकार समिति, गाउँपालिका स्तरीय बाल सञ्जाल, वडा स्तरीय बाल सञ्जालको गठन, पुनर्गठन, अभिमुखीकरण तथा परिचालनका साथै निर्धारित सूचकमा आधारित कार्यक्रमलाई सञ्चालन गरिनेछ।

१३१. बाल विवाह ,बाल हिंसा, लागु पदार्थ दुर्व्यसनी तथा दुर्व्यवहार लगायतका सामाजिक कुरुतिका बिरुद्ध नागरिक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

१३२. विशेष संरक्षण तथा हेरचाहको आवश्यकता भएका बालबालिकाको पहिचान गरी उनीहरुको उचित व्यवस्थापनका लागि उचित कार्यक्रम सञ्चालन गरिनेछ । आपतकालिन बालकोषको स्थापना भइसकेकाले यसको परिचालन गर्दै आपतमा परेका बालबालिकाको उद्धार तथा संरक्षणका लागि गाउँपालिकामा बाल संरक्षण तथा स्याहार केन्द्र स्थापना, सञ्चालन तथा व्यवस्थापन गरिनेछ। ५ वर्ष मुनिका बालबालिकाको पोषण अवस्था सुधार सम्बन्धी कार्यक्रम सञ्चालनलाइ निरन्तरता दिइने छ ।

**१३३. आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा न्युन आय भएका रातो कार्डवाहक अपाङ्गता भएका व्यक्तिहरुको लागि हेरचाह वा संरक्षण गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिने छ ।**

१३४. अपाङ्गताका विविध प्रकृतिलाई ध्यानमा राखी साङ्केतिक भाषा दोभाषे तालिम सञ्चालन गरी अपाङ्गता भएका नागरिकहरुको क्षमता अभिवृद्धि तथा सचेतनामूलक कार्यक्रम निरन्तरता दिइ दोभाषेको लागि आवश्यक व्यवस्थापन गरिने छ । साथै गाउँपालिकाबाट निर्माण हुने सम्पुर्ण भवनहरु अपाङ्गतामैत्री बनाइनेछ ।

१३५. अपाङ्गता सहायता सामग्री वितरणका साथै अपाङ्गता भएका नागरिकहरुको आय आर्जनमा टेवा पुऱ्याउने उद्धेश्यले विभिन्न सिपमूलक तालिम सञ्चालन, आवश्यक कच्चा पदार्थ तथा मेसिनरी औजार वितरण, अपाङ्गता भएका व्यक्तिहरुबाट सञ्चालित पेशा व्यवसाय प्रवर्धन तथा प्रोत्साहन कार्यक्रमलाई निरन्तरता गरिनेछ। अपाङ्गता भएका व्यक्तिहरूले उत्पादन गरेका सामग्रीहरूको खरिद गरी बजार व्यवस्थापनका लागि आवश्यक प्रक्रिया अगाडि बढाइनेछ।

१३६. जेष्ठ नागरिक दिवा मनोरञ्जन सेवा केन्द्र स्थापना सञ्चालन तथा व्यवस्थापन र जेष्ठ नागरिक सम्मान कार्यक्रम निरन्तरता गरिनेछ ।

१३७. सामाजिक समावेशीकरणमा सहयोग पुग्ने गरी महिला ,बालबालिका, जनजाति ,दलित , अल्पसंख्यक, जलारी, बोटे, मुस्लिम समुदाय लक्षित कार्यक्रम तथा गुनासो सुनुवाइ कार्यक्रमलाई निरन्तरता गरिनेछ ।

१३८. लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानलाई प्रभावकारी बनाउनुका साथै बाल विवाह, बहुविवाह, घरेलु हिंसा विरुद्धको नागरिक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

१३९. आपतकालीन अवस्थामा रहेका र उद्धार गरिएका नागरिकहरुको संरक्षण र स्याहारका लागि गाउँपालिकास्तरमा मानव सेवा आश्रम स्थापना, सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक कार्य अगाडि बढाइनेछ ।

१४०. विभिन्न समयमा राष्ट्रका लागि योगदान दिने शहीद परिवार, द्वन्द्व पीडित, वेपत्ता तथा लक्षित परिवारहरूका लागि सामाजिक सुरक्षाको प्रत्याभूति दिलाउने नीति लिइएको छ। आवास नभएका वेसहारा नागरिकको लागि अन्य निकायसँग समन्वय र सहकार्य गरी कार्यक्रम अगाडि बढाइनेछ ।

१४१. तेस्रो लिङ्गी समुदायको पहिचान र सशक्तिकरण गर्ने नीति लिइएको छ।

१४२. महिलाहरूको आय आर्जन, क्षमता विकासकालागि उपाध्यक्षसँग महिला कार्यक्रम तथा लक्षित वर्गहरुको लागि उपाध्यक्षसँग लक्षित वर्ग कार्यक्रम सञ्चालन गरिनेछ ।

१४३. अपाङ्गता भएका तथा लक्षित व्यक्तिहरूको आय आर्जनलाई लक्षित गरी गाउँपालिका र गैरसरकारी संस्थाको समन्वयमा विभिन्न आयमूलक कार्यक्रम सञ्चालन गर्ने प्रबन्ध मिलाईनेछ ।

१४४. रूपा गाउँपालिकाभित्रका ४ स्थानहरूमा (वडा नं. २, ४, ५, ७ मा) बहुउद्देश्यीय जेष्ठ नागरिक दिवा मनोरञ्जन घर निर्माण सम्पन्न भएको छ । यसै वर्षबाट आवश्यक सामाग्री व्यवस्था गरी मनोञ्जन घर सञ्चालन गरिनेछ ।बाँकी वडाहरूमा संरचनाको निर्माण गरी कार्य अगाडि बढाइनेछ।

**कानून तथा न्याय**

१४५. स्थानीय तहमा भए गरेका न्यायीक कार्यसम्पादनको अनुभव आदानप्रदान तथा न्यायकर्मीहरुको क्षमता विकासका लागि आगामी आर्थिक वर्ष कास्की जिल्लाभरका न्यायीक समितिका पदाधिकारीहरूको उपस्थितिमा जिल्ला न्यायीक सम्मेलन सञ्चालन गरिनेछ ।

१४६. रूपा गाउँपालिकाबाट जारी गरिएका कानूनको अध्ययन गरी आवश्यकता अनुसार कानून निर्माण तथा संशोधन गरिनेछ।कानून निर्माण तथा संशोधन प्रक्रियामा अपाङ्गता भएका, लैङ्गिकता, सामाजिक समावेशीकरण, जलवायु परिवर्तन तथा दिगो विकास लक्ष्यलाई आत्मसात गर्दै समायानुकूल बनाइनेछ ।

१४७. मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन गर्दै आर्थिक दृष्टिले पछाडि परेका वर्ग, समुदाय, दलित, सीमान्तकृत एवं उत्पीडित वर्गको अधिकार संरक्षण गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

१४८. न्यायिक समिति समक्ष दायर हुन आएका उजुरी र प्रक्रियालाई सहज र सरल बनाउनको निमित्त विभिन्न निकायहरूसँग छलफल, अन्तर्क्रिया गरी न्याय सम्पादन प्रक्रियामा देखा परेका समस्याहरूको समाधान गर्न आवश्यक कार्यक्रम अगाडि बढाइनेछ ।

१४९. मेलमिलाप पद्धतिलाई सक्षम र सुदृढ गराउनको लागी मेलमिलापकर्ताहरूलाई आवश्यक पर्ने तालिम, कार्यक्रम तथा अन्य आवश्यक सामाग्रीहरूको उपलब्ध गराइ विवाद समाधानमा मेलमिलाप पद्धतिलाई प्रभावकारी बनाइनेछ ।

१५०. न्यायिक समितिको काम, कारवाहीको सम्बन्धमा जनआस्थालाई अभिवृद्धि गर्न ऐन, तथा कार्यविधिले सुनिश्चित गरेको संरक्षणात्मक आदेश तथा पिडित राहत कोषलाई प्रयोगमा ल्याइ सेवा प्रदान गरिनेछ ।

**युवा तथा खेलकुद**

१५१. युवाहरूलाई सामाजिक सेवाको भावना विकास गरी नेतृत्व क्षमता अभिवृद्धि गर्न स्वयंसेवक युवा परिचालन नीति लिइएको छ ।आगामी राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगितालाई लक्षित गरी प्रशिक्षक प्रशिक्षण तथा खेलाडी विद्यार्थीहरुलाई विधागतरुपमा छनौट गरी तालिमदिने व्यवस्था गरिनेछ ।

१५२. बालबालिकाको शारीरिक तथा बौद्धिक क्षमता विकासका लागि विभिन्न खेलकुदका कार्यक्रम सञ्चालन गरिनेछ ।खेलाडीहरुलाई सम्मान गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**सहकारी तथा उद्योग**

१५३. सहकारी संस्था स्थापनाको उद्देश्य अनुरुप सञ्चालन हुने व्यवस्था गरिनेछ ।सहकारी संस्थाको सघन सुपरिवेक्षण र नियमनकालागि सहकारी शाखालाई थप जिम्मेवारी बनाइ नियमित नियमन तथा मुल्याङ्कन गरिनेछ ।

१५४.व्यावसायिक उत्पादनमा आधारित एक वडा एक घरेलु उद्योग स्थापनाको लागि प्रक्रिया अगाडि बढाइनेछ।

१५५.गाउँपालिकाभित्र स्थापना भएका कृषि सहकारीहरूलाई विशेष प्रवर्द्धनका कार्यक्रम सञ्चालन गरी आयआर्जनमा जोडिनेछ ।रूपा गाउँपालिकाभित्रका सहकारीहरुको प्रभावकारी अनुगमन, मुल्याङ्कन र नियन्त्रणलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

१५६.आर्थिक रूपले सबल व्यवसायीहरूलाई लगानीमैत्री वातावरण बनाउनको लागि रूपा गाउँपालिकामा लगानी सम्मेलन गर्ने वातावरण मिलाईनेछ । जसका कारण यहाँका बाँझो जग्गामा उत्पादन तथा औद्योगिकीकरणको विकास हुने र रोजगारीको वातावरण सिर्जना हुनेछ ।

**वातावरण तथा विपद् व्यवस्थापन**

१५७.विपद् वाट हुन सक्ने जोखिम न्युनिकरणको लागी प्रत्यक टोलमा, समुदायमा आधारित युवा विपद् कार्यदल (Disaster Volunteer) को गठन गरिनेछ । जसलाई विपद् मा सवै क्षेत्रमा अन्तर आवद्दता गरिनेछ ।

१५८.रूपा गाउँपालिकामा बढ्दो जनसंख्या चाप भएको स्थान पहिचान गरी उक्त स्थानबाट निस्कने फोहरमैला व्यवस्थापन गर्न ल्याण्डफिल साईडको पहिचान सहित फोहरमैलाको व्यवस्थापन गरिनेछ।

१५९.बाढी पहिरोबाट प्रभावित भएका घरपरिवारलाई पुनर्वासको लागि सुरक्षित नागरीक आवास, मनसुनजन्य विपद प्रभावितहरूलाई आवास कार्यक्रम मार्फत जोडिनेछ ।

१६०.मादी नदि १,३,७, खाल्टे, आँपुखोला, माझवेशी, पास्ते खोला, वृद्धि खोला, खाल्टे, विल्मादे खोला, तालवेशी भारपोला, अधैंरीखोला, चायापानी, खोल्सी, खरबारी टुडो खोलाको छेउ टापु, तालखोला, घ्वाङखोला, भयरखोला, लगायतका स्थानमा तटबन्धको योजना बनाइ संघ, प्रदेंश तथा स्थानीय तहसँग समन्वय गरी तटबन्ध निर्माण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१६१.सार्वजनिक जग्गा संरक्षण,पार्क निर्माण तथा हरियाली प्रवर्धन कार्यक्रमलाई प्राथमिकतामा राखिनेछ।विपद्का दृष्टिले जोखिम क्षेत्रको पहिचान गरी आवश्यक बजेट तथा जनशक्ति व्यवस्थापन गरी विपद् बाट हुने क्षति न्यूनीकरण गरिनेछ ।

१६२.गाउँपालिकामा विपद् व्यवस्थापन कोष खडा भइ सञ्चालनमा आइसकेको छ। विपद्को बेला खोज,उद्धार, राहत र पुनर्स्थापना गर्न विपद व्यवस्थापन कोषमा रकम थप गरी विपद् पछिको उद्धार,राहत र पुर्नलाभमा खर्च गरिनेछ। साथै विपद् व्यवस्थापन तथा उद्धारका लागि हरेक वडामा तालिम सञ्चालन गरिसकिएको छ।

१६३.विपद् व्यवस्थापनमा रूपा गाउँपालिकामा गठन भएको स्काउटलाई परिचालन गरिनेछ भने विद्यालयहरुमा स्काउट ट्रुप गठनको लागि आवश्यक कार्य गरिनेछ ।

**उर्जा शाखा**

१६४.गाउँपालिका, वडा कार्यालय, विद्यालय, अस्पताल, स्वास्थ चौकी, प्रहरी कार्यालय लगायतका सार्वजनिक सरकारी निकाय वा स्थानमा वैकल्पिक उर्जा सोलार र व्याकअपको व्यवस्थापन गरी काम कारबाहीलाई प्रभावकारी बनाउन पहललाई निरन्तरता दिइने छ।

१६५.बजार क्षेत्र तथा विशेष महत्वपूर्ण क्षेत्रमा सोलार बत्ती व्यवस्थापन तथा सेवा प्रवाहमा वैकल्पिक उर्जाको व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ ।

**सुशासन, संस्थागत विकास, सेवा प्रवाह र विविध**

१६६. नागरिक गुनासो, पिर, मर्का, समस्याहरुलाई सम्बोधन गर्ने गरी "HELLO RUPA" नामको **"नागरीक सहायता कक्ष"** राखी सेवा प्रदान गर्ने कार्यलाई अगाडि बडाइनेछ ।

१६७. सार्वजनिक सेवा प्रवाहलाई छिटो छरितो प्रभावकारी र अनुभुत हुने गरी संचालन हुने व्यव्स्था मिलाईने छ।

१६८. सार्वजनिक सेवाको गुणस्तर मापदण्ड प्रमाणीकरणको कार्यलाई आगामी आर्थिक वर्षबाछट शुरु गरिनेछ ।

१६९. रूपा गाउँपालिकाका कर्मचारी संगठन तथा व्यवस्थापन परिक्षण (O&M) को कार्य आगामी आर्थिक वर्षमा सम्पन्न गरिनेछ अत्याधिक कार्य चाप भएका वडाहरूमा सुचना प्रविधि कर्मचारीको व्यवस्था गरिनेछ ।

१७०. कर्मचारीको कार्यसम्पादन मूल्याङकनलाई सुचनामा आधारित वनाई प्रोत्साहन र दण्ड प्रणालिको विकास गरिनेछ ।

१७१. रूपा गाउँपालिकाबाट प्रवाह हुने व्यवसाय दर्ता, नविकरण, प्रतिवेदन लगायतका कार्य र अन्य सेवा प्रवाहलाई Online प्रणालीका लागी Faceless सेवा प्रवाहमा जोड दिईनेछ।

१७२. गाउँपालिकामा सेवा प्रवाहको लागी आउने सेवाग्राहीलाई एकल सहायता कक्ष मार्फत सेवा प्रवाहको व्यवस्था मिलाईनेछ ।

१७३. सार्वजनिक सेवालाई पारदर्शी, जवाफदेही, उत्तरदायी र नागरिकमैत्री बनाइनेछ। गाउँपालिकाले प्रदान गर्ने सेवा सुविधाको गुणस्तर सुनिश्चित गरिनेछ। सुशासनका लागि सार्वजनिक सेवा प्रवाहलाई सरलीकृत गरिनेछ ।

१७४. स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली LGPAS सँग सम्बन्धित तथ्याङ्कलाई पूर्णता तर्फ लैजाने नीति लिइने छ ।

१७५. विभिन्न यन्त्र तथा उपकरणहरूलाई आवश्यक सर्भर तथा सफ्टेवयर व्यवस्थापन गर्न आवश्यक बजेट व्यवस्थापन गरिनेछ ।

१७६. गाउँपालिका प्रवेश नाकाहरुमा CC Camera जडान गरिने छ ।

१७७. रूपा गाउँपालिका कास्कीको सुरक्षा लगायतका अन्य व्यवस्थापनका लागि नगर प्रहरीको व्यवस्थापन प्रक्रिया अगाडी छ ।

१७८. स्रोत साधनका अबैध र अत्याधिक दोहनको नियन्त्रण र व्यवस्थापन गर्न उपयुक्त नीति बनाई व्यवस्थित गरिनेछ।

१७९. वित्तीय सुशासन, पारदर्शिता, जवाफदेहिता, नियमितता सहित सेवा प्रवाहको लागि नेपाल सरकारद्वारा निर्धारित गरिएका PLMBIS, SUTRA, RMIS, IPFMIS, PAMS, NIMS, EMIS, IEMIS जस्ता विद्युतीय प्रणालीहरुको पुर्ण प्रयोग गरी जनतालाई प्रदान गरिने सेवा प्रभावकारी बनाइदै लगिनेछ ।

१८०. डिजिटल भिलेज प्रोफाइललाई पूर्णता दिई सो को तथ्याङ्कका आधारमा लक्षित वर्गका कार्यक्रम सञ्चालन गरिनेछ।

**भुमि शाखा**

१८१. रूपा गाउँपालिकाभित्र रहेका जग्गाहरुको अभिलेखीकरण गरी गाउँपालिकाभित्रका वनक्षेत्र लगायतका अन्य क्षेत्रहरूको सिमाङ्कन गरिनुका साथै रूपा गाउँपालिकाका मुख्य सडकहरूको लगत संकलन गरी लगत कट्टा गरिनेछ।

१८२. रूपा गाउँपालिकाभित्रका भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित व्यक्तिहरूको जग्गाधनी प्रमाण पुर्जा प्रदान गर्नका लागि कार्यक्रम अगाडि बढिसकेको छ। उक्त व्यक्तिहरुको जग्गाधनी प्रमाण पुर्जा प्रदान गर्न आवश्यक सहजीकरण गरिनेछ।

अन्त्यमा,

**रूपाको पहिचानः सबै क्षेत्रमा समृद्धिको अभियान** भन्ने मूल नारालाई सार्थक बनाउनका लागि सुशासन, पारदर्शिता, जवाफदेहिता र विकासका निमित्त योजना समावेश गर्दै **"समृद्ध नेपाल सुखी नेपाली"** को नारालाई सार्थक बनाउन सर्वपक्षीय विकासका लागि सबै पक्षलाई प्रदेश तथा संघसँगको समन्वयमा समृद्ध रूपाको विकास गरिने विश्वास दिलाउँदै नीति तथा कार्यक्रम निर्माणका लागि सहयोग गर्नु हुने जनप्रतिनिधि, कर्मचारी, बुद्धिजीवी, राजनीतिक दलका प्रतिनिधि तथा रूपावासी सम्पूर्ण जनसमुदायलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

# धन्यवाद।

मिति २०८३/०३/०९

**अध्यक्ष,**

**रूपा गाउँपालिका, कास्की**

"रूपाको पहिचानः सबै क्षेत्रमा समृद्धिको अभियान"